## कार्यपालिका बैठक नं ४४

निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकाको यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो। अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखिएको साथै सोको प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

जैमिनी नगरपालिका भित्र कालीगण्डकी नदी किनार क्षेत्रमा आ.व. २०८२/०८३ को ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासी दस्तुर कर संकलन सम्बन्धमा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अययन, प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाइ ब्यवस्थित र प्रवाभकारी बनाउन वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ तथा स्थानीय सरकार सन्चालंन ऐन, २०७४ को दफा १०२ बमोजिम **जैमिनी नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्यविधी, २०८२** स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ३

जैमिनी नगरपालिका भित्र कालीगण्डकी नदि किनार क्षेत्र, खोला, खोल्सा, तथा सार्वजनिक एवम निजी जग्गाहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको संरक्षण, ब्यवस्थापन एवम सदुपयोग गरी सहज आपुर्ति गर्न र नदी तथा खानीजन्य उद्योगबाट उत्खनन, संकलन, विक्री वितरण एवम दिगो ब्यवस्थापनका लागि जैमिनी **नगरपालिका क्षेत्रको खोलानाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो तथा खनिजजन्य प्राकृतिक स्रोत साधन (उत्खन्न र उपयोग) विक्री वितरण सम्बन्धी कार्यविधी, २०८२** स्वीकृत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४

जैमिनी नगरपालिका भित्र कालीगण्डकी नदी किनार क्षेत्रमा आ.व. २०८२/०८३ को ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासी दस्तुर कर संकलन सम्बन्धमा **नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्यविधी, २०८२**, ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासीका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ५(२)(ग) प्रावधान भित्र रहनेगरी सोही नियमावलीको नियम ८(३) बमोजिम नगरपालिकाबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन (IEE) प्रतिबेदन बढिमा आगामी तीन आर्थिक

२०८२/७/३०
श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बर्ष (आव ०८४/८५) सम्म लागू हुने गरी स्वीकृत गर्ने । साथै स्वीकृत IEE प्रतिवेदन गण्डकी प्रदेश सरकार तथा संघीय सरकारको सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिका भित्र कालीगण्डकी नदी किनार क्षेत्रमा आ.व. २०८२/०८३ को ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासी दस्तुर कर संकलन आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था, **जैमिनी नगरपालिका क्षेत्रको खोलानाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो तथा खनिजजन्य प्राकृतिक स्रोत साधन (उत्खन्न र उपयोग) विक्री वितरण सम्बन्धी कार्यविधी, २०८२,** साथै संघ तथा प्रदेशको प्रचलित कानून बमोजिम आ.व. २०८२/०८३ मा यस पालिका क्षेत्रभित्र ढुंगा, गिटी, बालुवाको उत्पादन, विक्री तथा निकासी दस्तुर संकलन कार्य ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडी बढाउने ।

| क्र.सं. | ठेक्का विवरण | परिमाण (क्यू.फिट) | कर बाहेक दर | न्यूनतम कूल ठेक्का अंङ्क (कर बाहेक) |
|---|---|---|---|---|
| १ | जैमुनी नगर पालिकाको क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी क्षेत्र । (IEE मा उल्लेखित क्षेत्रहरुबाट त्पादन/विक्री शुल्क) जैमुनी नगर पालिकाको क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी क्षेत्र । नदिजन्य पदार्थ संकलनका लागि पाँचवटा घाट मध्ये देहाय बमोजिम दुइ वटा स्थानमा विभाजन गरी ठेक्का लगाउने ।<br>क । थाङ्नेबगरघाट र माझबगरघाट | (IEE प्रतिवेदन अनुसार कूल परिमाणको ५० प्रतिशतले हुन आउने परिमाण)<br>२३५१६४ | रु ९ | रु. २३५२०५१/- |
| | ख । सुन्साबगर घाट, बेलवगर घाट र त्याङबगर घाट | २६१३३९ | रु ९ | रु २११६४७६/ |

(पुनश्चः माथि उल्लेखित ठेक्का E-bidding मार्फत आह्वान गर्ने ।

निर्णय नं ६

जैमिनी नगरपालिका भित्र कृषि विकास कार्रक्रम प्रभावकारी बनाउन, कृषि अनुदानलाइ उत्पादनमुलक बनाउन, नतिजामुलक बनाउन ब्यवस्थित गर्न स्थानीय सरकार संचालन एन २०७४ का दफा १०२ बमोजिम कृषि अनुदान कार्यविधी, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

जैमिनी नगरपालिका नगरपालिकाको कार्यालय

२०८२/९/३०
श्रीकृष्ण पौडेल
प्रशासकीय अधिकृत